# दाऊद ह




मेरा नयाँ भाइ र राजकीय परिवारको सदस्यका लागि......
जोनाथन..........
परमेश्वर तिमीसित हुनुहुन्छ – र म पनि तिमीसितै छु, पूरा तनमनले ।
दाऊद जहाँसुकै गएतापनि परमेश्वरले उसलाई सफलता दिनुभयो ।


यतिसम्म कि राजाले दाऊदलाई सेनाको उच्च पदमा नियुक्त गरे र युद्धहरूमा पठाउन थाले ।

१ शमूएल १८:३–५


शाऊलले हजारौँ हजारलाई मारे
...र दाऊदले त लाखौँ लाखौँलाई ।


शाऊलले हजारौँ हजारलाई मारे
...र दाऊदले त लाखौं लाखौँलाई ।
दाऊदको निम्ति तिनीहरूले लाखौ ँ लाख ठहराए,तर मलाई चाहिँ हजारौँ मात्र ।
अब तिनलाई राजा तुल्याउन मात्र त बाँकी र ह्यो ।
त्यस दिनदेखि उसो शाऊलले दाऊदलाई डाहको दृष्टिले हेर्न लागे ।


आफ्नो दरबारमा मानिसहरूसित बोलिरहेकै बेलामा अकस्मात् शाऊलमाथि हानिकारक आत्मा आयो । त्यसबेला उसले बोलेका शब्दहरू एउटा झूटो अगमवक्ताको विक्षिप्त बोली झैँ थियो । हानिकारक आत्माद्वारा पीडित व्यक्तिको बकबक जस्तो मात्र थियो ।
तर राजाको व्यवहारले उग्र रूप लियो ।
म दाऊदलाई भित्तैमा उनिदिन्छु ।
दाऊद सधैँ झैँ दरबारमा वीणा बजाएर राजा र उनीहरू वरपर रहेका मानिसहरूलाई शान्त तुल्याउँदै थिए ।
तर परमेश्वर दाऊदसित हुनुहुन्थ्यो ।
र उनी शाऊलले हानेको भालादेखि तर्कन सफल भए ।
शाऊल दाऊददेखि डराए किनकि परमप्रभु तिनीसित हुनुभएको तर आफूलाई चाहिँ त्याग्नुभएको कुरा उनले महसूस गरे ।






१ शमूएल १८:१३–१६




१ शमूएल १८:१५–१८


तर जब मेराबको विवाह हुने बेला आयो, तब शाऊलले तिनलाई अर्कै व्यक्तिसित बिहे गराइदिए।
तर दाऊदले परमेश्वरको योजनालाई निरन्तर भरोसा गरे। आफूसित गरिएको प्रतिज्ञा राजाले तोडेपनि दाऊदले विश्वासनीयपूर्वक शाऊलको सेवा गर्दै रहिरहे।
महाराज, हामी हजूरसित सानो कुरा गर्न चाहान्छौं।
दाऊदलाई हजूरले अझै पनि आफ्नो नजिक र राखेर उसको निगरानी गर्न सक्नुहुन्छ।
हजूर की छोरी मिकल दाऊदसित प्रेममा फँसेकी छ।
म उसलाई दाऊदको हातमा दिनेछु ताकि ऊ दाऊदको लागि पासो होस् र पलिश्तीहरूको हात उसको विरुद्धमा होस्।




१ शमूएल १८:२१-२५




१ शमूएल १८:२६-२९


पलिश्ती सेनाहरू लड्नलाई आइरहन्थे र शाऊलका अन्य अधिकृतहरू भन्दा दाऊद तिनीहरू उपर ज्यादा सफल भए र तिनले ठूलो नाउँ कमाए ।

१ शमूएल १८:३०


शाऊलको ईर्ष्या झन् तीव्र भयो.......
यो मन्ध्यान्न दाऊदलाई एक्लै मकहाँ लिएर आउनू।
उसलाई मार्न मैले मेरा पहरेदारहरूलाई अह्राइसकेको छु। ऊ मेरो सिंहासनको लागि खतरा हो।
मेरो बुबाले तिमीलाई मार्ने दाउ हेर्दै हुनुहुन्छ। भोलि बिहान होशियार भएर त्यहीं लुकेर बस।
म बाहिर निस्केर आउनेछु र तिमी भएको खेतमा मेरो बुबासँगै भेट गर्नेछु।
म उहाँसँग तिम्रो विषयमा कुरा गर्नेछु र केही पत्ता लाग्यो भने म तपाईंलाई बताइदिनेछु।
बुबा, आफ्ना दास दाऊदलाई अनर्थ नगर्नुहोस्। तिनले तपाईंको विरुद्धमा केही खराबी गरेका छैनन्। तिनले गरेका कामबाट तपाईंलाई ठूलो फाइदा भएको छ।
त्यस पलिश्तीलाई मार्दाखेरि तिनले आफ्नो ज्यान खतरमा हालेका थिए। परमप्रभुले इस्राएललाई ठूलो विजय दिनुभयो, र त्यो त तपाईंले नै देख्नुभयो र त्यस रमाहटमा तपाईं पनि सहभागी हुनुभयो।
एउटा निर्दोष मानिसलाई तपाईं किन खराबी गर्नुहुन्छ, किन केही कारणविना दाऊदलाई मार्नुहुन्छ?
परमप्रभु जीवित हुनुभए झैं दाऊद मारिनेछैन।
तब जोनाथनले दाऊदलाई बोलाए र तिनलाई सबै कुरा बताइदिए।
उनले दाऊदलाई शाऊलकहाँ ल्याए र दाऊद पहिले झैं शाऊलको सेवामा लागे।



१ शमूएल १९:१-७


तर पलिश्ती सेनाले हार मानेका थिएनन् ।


तर दाऊद र उनका सैन्यबलले ठूलो विजय पाउँदै गए । दाऊदले पलिश्तीहरूलाई आक्रमण गरेर यस्तो संहार गरे कि उनीहरू तिनको सामुबाट भागे ।

१ शमूएल १९:८


विजय पाइसकेपछि, पहिले झैं शाऊलको दरबार फर्के ।
तर पश्चाताप नगरेसम्म ईर्ष्या तथा द्वेषबाट त्यति छिटो छुटकारा कहाँ पाइन्छ र.....
फेरि हानिकारक आत्माले शाऊललाई दाऊदको विरुद्धमा उक्सायो ।
THUNNG
अब चाहिँ मैले राम्ररी भाग्नुपर्छ ।
नत्रभने म नमरेसम्म शाऊलले मलाई छोड्नेछैन ।



१ शमूएल १९:९-१०




१ शमूएल १९: ११–१४







१ शमूएल १९:१५–१७




१ शमूएल १९: १८–१९


परमे स्वरले सबै मानिसहरूलाई उहाँको सामु नम्रतापूर्वक हिँडे को......
....र उहाँलाई आदर गरेको चाहानुहुन्छ ।
परमेश्वरको आत्मा उनीहरूमाथि यस्तो शक्तिशाली प्रकारले ओर्लेर आउनुभयो कि उनीहरू अगमवाणी बोल्न तथा परमेश्वरका उदेकका कामहरू वर्णन गर्न लागे ।
दाऊदलाई पक्रने ती असफल प्रयासहरूपछि शाऊल आफै दाऊदलाई पक्रन सहरतिर गए तर उनले पनि त्यही अनुभव गर्नपुगे ।
तर परमेश्वरको आत्मा शाऊलको हृदयमाथि पनि शक्तिशाली प्रकारले ओर्लेर आउनुभयो ।
पर मप्रभु धर्मी र साँचो परमेश्वर हुनुहुन्छ जसले सारा मानवजातिलाई सृष्टि गर्नुभयो ।
उहाँ मात्रै आदर तथा प्रशंसाको योग्य हुनुहुन्छ ।
के शाऊल पनि अगमवक्ताहरूकै दलमा छन् र ?
शाऊलले आफ्नो राजकीय वस्त्र तथा हतियार उतारेर परमप्रभुको अघि आफैलाई नम्र तुल्याए ।


आफू लुकिरहेको सहरमा शाऊल र उनका सेनाहरूलाई देखेपछि दाऊद जोनाथन बस्दै आएको ठाउँतिर भागे ।
मैले के गरेको छु र ? मेरो दोष के छ ? तपाईंका बुबाको विरुद्धमा मैले के खराबी गरेको छु र उहाँले मेरो ज्यान लिन चाहनुहुन्छ ?
तिमी मर्नेछैनौ !
हेर, मेरो बुबाले मलाई नभनीकन सानो वा ठूलो केही पनि काम गर्नुहुन्न ।
किन उहाँले यस्तो कुरा मबाट किन लुकाउनुहुन्थ्यो ? यो कुरा सत्य होइन ।
तिम्रा बुबाले आफ्नो मनमा भन्नुभएको छ, "जोनाथनलाई यो कुरा थाहा नहोस्, नत्रता त्यो दु:खित हुनेछ ।"
परमप्रभुको नाउँमा र तिम्रो जीवनको शपथ खाएर म भन्दछु कि अब त मेरो मृत्यु नजिकै छ ।
तिमी जे इच्छा गर्छौ, म तिम्रो निम्ति गर्ने छु ।
भोलि औंसीको चाड हो, र मैले राजासित खानै पर्नेछ तर खेतमा गएर लुकिरहनेछु ।
यदि तपाईंका बुबाले मेरो अनुपस्थिति ख्याल गर्नुभयो भने उहाँलाई भनिदिनुहोस्, "बेथलेहममा तिनको जम्मै परिवारको बर्षेनी बलिदान चढाउनुपर्ने रहेछ, त्यसैले उनले आग्रहपूर्वक बिदा मागेर गएका छन् ।"
यदि उहाँ रीसले चूर हुनुभयो भने उहाँले मेरो अहित गर्न नै चिताउनुभएको रहेछ भनी तपाईंलाई


मप्रति दया देखाऊ किनकि तिमी र म परमप्रभुको सामु एउटा करारले बाँधिएका छौँ ।
यदि म दोषी छ भने तिमीले नै मलाई मार ! मलाई किन तिम्रो बुबाको हातमा पर्न दिन्छौ ?
यस्तो नहोस् ! यदि मेरा बुबाले तिम्रो अहित नै गर्न चिताउनुभएको रहेछ भनेर मैले सुइँको मात्र पाएको भए के म तिमीलाई बताउने थिइन र ?
तिम्रो बुबाले मलाई अझै मार्न चाहनुभएको कुरा मलाई कसले बताउला ?
आऊ, हामी खेततिर जाऔँ ।
म परमप्रभु इस्राएलका परमेश्वरको दृष्टिमा म यो प्रतिज्ञा गर्दछु कि पर्सि यही बेला म मेरा बुबाको मन छाम्नेछु !
यदि उहाँको मन तिमीप्रति राम्रै रहेछ भने, म खबर पठाएर तिमीलाई थाहा दिनेछु ।
तर यदि मेरो बुबाले खराबी नै सोच्नुभएको रहेछ भने अनि मैले तिमीलाई कुशलसित भगाइनँ भने परमप्रभुले मलाई त्यसभन्दा बढी गरून् । परमप्रभु मेरो बुबासँग हुनुभए झैँ तिमीसित पनि होऊन् ।
तर म बाँचुञ्जेल मप्रति पनि कृपा देखाऊ ताकि म वा मेरो परिवार नमारिऊँ --परमप्रभुले तिम्रा सबै शत्रुहरूलाई नष्ट गरिसक्नुभएपछि पनि यो कृपा नछुटोस् ।


भोलि तिम्रो अनुपस्थिति खट्किनेछ किनकि तिम्रो आसन खालि रहनेछ ।
तिमी एजेलको ढुङ्गानेर बसिर'ख र म एउटा संकेत दिनेछु – म ढुङ्गाको नजीकै पुग्ने गरी काँडहरू हान्नेछु र एउटा केटालाई ती काँडहरू टिप्न पठाउनेछु ।
यदि मैले त्यसलाई, "हेर्, काँडहरू यतापट्टि छन्" भनेँ भने तिमी सुरक्षित छौ ।
यदि मैले "काँडहरू तेरो पल्लोपट्टि छन्" भने भनेदेखि तिमी आफ्नो बाटो लाग ।
राजा भोजको पहिलो दिन त चूप लागे तर दोस्रो दिन उनले मुख खोले ।
दाऊद हिजो र आज किन भोजमा आएनन् ?
उनले आफ्नो परिवारसित बलिदान चढाउनको निम्ति मसित अनुमति मागेर घर गएका छन् ।
तँ दुष्ट स्त्रीको छोरो !
तैँले दाऊदको पक्ष लिएर आफूमाथि र तँलाई जन्माउने तेरी आमामाथि अनादर ल्याएको छस् भनी मलाई थाहा छैन र ?
उसलाई मकहाँ ल्या, ऊ मर्नैपर्छ !
THUNK






१ शमूएल २०: ३५-४२


दाऊद शाऊलबाट भागेर पूजाहारीहरूको सहर नोब पुगे जहाँ उनले पूजाहारी अहीमेलेकलाई भेटे ।
तपाईं किन एक्लै आउनुभयो ? किन तपाईंसित कोही छैन ?
राजाले मलाई एउटा विशेष काम दिनुभएको छ तर कसैले त्यो थाहा पाएको उहाँ चाहनुहुन्न । मेरा मानिसहरूले मलाई भेट्नेछन् ।
तर दाऊदका झूटले चाँडै नै दुःखद परिणामहरू ल्याउँदैथियो.....
मेरा मानिसहरूलाई खानका निम्ति तपाईंसित केही खाने कुरा छ कि ?
मसित त चढाइएको पवित्र रोटी मात्र छ, यदि तिनीहरूले आफैँलाई विधिपूर्वक चोख्याएका छन् भने -- साधारण रोटी त मसित छैन ।
अशुद्ध काम गर्न गएका भए तापनि यी मानिसहरूका शरीर चोखा नै छन् ।
के तपाईंसित भाला वा तरवार केही यहाँ छ ? राजाको काम अत्यन्त जरूरी भएको हुनाले मैले केही ल्याउन पाइनँ ।
एलाहको बेँसीमा तपाईंले मार्नुभएको गोल्यतको तरवार यहाँ छ ।
त्यो तरवार जस्तो अरू तरवारै छैन । मलाई त्यही दिनहोस् ।

१ शमूएल २१:१-९


त्यस दिन दाऊद शाउलबाट भागेर लुक्नका निम्ति पलिश्ती सहर गातका राजा आकीशकहाँ गए ।
यो मान्छेलाई बाँच्नु दिनुहुन्न -- हिब्रुहरूका राजा यिनै हुन् ।
यसैको विषयमा तिनीहरूले गाएका थिए, "शाऊलले हजारौँ हजारलाई मारे तर दाऊदले त लाखौँ लाखलाई ।"
त्यसलाई मकहाँ ल्याओ र म निर्णय गर्नेछु ।
तर दाऊदलाई आफू गोल्यतको सहरमा शत्रुहरूको आइपुगेको कुरा थाहा थियो जहाँ उनलाई शत्रु ठानिन्थ्यो । त्यसैले उनले एउटा योजना रचे ।
यसलाई किन मकहाँ ल्याउछौ, यो त बौलाहा पो रहेछ ।
मेरो राज्यमा बौलाहाहरूको कमी छ र तिमीहरू यसलाई मलाई सताउन ल्याउँदछौ ?
के यस्तालाई मैले मेरो घरमा राख्नु ?


दाऊद त्यहाँबाट उम्केर अदुल्लामको ओडारमा गए जुन उनको गृहसहरदेखि १२ माइल टाढा पर्दथ्यो । उसको परिवार उनलाई भेट्न आए ।
तर चाँडै नै कष्टमा परेका, ऋणमा परेका र असन्तुष्ट भएका मानिसहरू प्रायः ४०० जना तिनीकहाँ जम्मा भए र तिनले लडाकुहरूको एउटा जत्था तयार पारे ।
दाऊद आफ्नी जिजु हजूरबज्यैको तर्फबाट मोआबी वंशावलीबाट आएका थिए, त्यसैले उनी आफ्नो परिवार को संरक्षणको लागि मोआबी राजाकहाँ गए ।
शमूएल अगमवक्ताले शाऊललाई सहायता र सल्लाह दिए जस्तै परमेश्वरले दाऊदलाई सहायता गर्न गाद अगमवक्तालाई पठाउनुभयो ।
यो गढीमा तपाईं नबस्नुहोस् । यहूदामा गइहाल्नुहोस् ।
म हारेतको वनमा गएर लुक्नेछु ।

१ शमूएल २२:१-५


हे, बेन्यामीनी हो, के यिशै को छोराले तिमीहरूलाई खेतहरू र दाखबारीहरू दिएर तिमीहरूलाई सेनापतिहरू बनाइदिनेछन् र ?
किन तिमीहरूले मेरो विरुद्ध षडयन्त्र रच्यौ र ऊ कहाँ लुकिरहेको छ भनी मलाई बताउँदैनौ ?
तिमीहरूमध्येको कसैले पनि मेरो ख्यालै गरेनौँ । मेरो छोरले मेरै विरुद्धमा उसलाई सुन्याएको छ भनी पनि मलाई बताउँदैनौ ।
मैले उसलाई देखेको छु । ऊ पूजाहारीहरूको सहरमा अहीमेलेककहाँ आएको छ । तिनीहरूले उसलाई खानेकुरा र गोल्यतको तरवार पनि दिए ।
यिशैको छोरोलाई सहायता गरेर किन तिमीहरूले मेरो विरुद्ध षडयन्त्र रच्यौ ?
दाऊद जस्तै हजूरप्रति वफादार हुने अरू को छन् र ? राजाद्वारा आफ्नो सेवकलाई खराबीको दोष नलगाइयोस् । हामीले त यो मामिला केही बुझेका छेनौँ ।
पूजाहारीहरू मार । सबैलाई नै । तिनका परिवार समेत ।
दाऊद भागिरहेको कुरा तिनीहरूलाई थाहा थियो, तैपनि तिनीहरूले मलाई बताएनन् ।



मैले भनेँ.....
पूजाहारीहरू र
तिनीहरूका घर
नालाई मार ।
तर महाराज,
तिनीहरू परमेश्वर
का सेवकहरू हुन् ।
तिमी --
तिमी गएर
पूजाहारीहरूलाई
मारिहाल ।
त्यस दिन, दोएगले ८५ पूजाहारीहरू तथा सहर
का बाँकी पुरुष, महिला र बच्चाहरूलाई मारे ।
यो खबर दाऊदकहाँ पुग्यो ।
अबियाथारलाई बाहेक
दोएगले नोबका सबै
पूजाहारीहरूलाई मारिसके
-- अबियाथार हामीकहाँ
आएका छन् ।
त्यस दिन दोएग त्यहाँ थियो
र त्यसले शाऊललाई
सुनाउला भन्ने मलाई
थाहा थियो ।
अबियाथारलाई
यहाँ ल्याऊ ।


अबियाथारले आफूसित ऊरीम र तुम्मीम ल्याएका छन् । पूजाहार िहरूले त्यसलाई आफ्नो छातीमा लगाउँथे र परमेश्वरको इच्छा जान्न त्यसलाई प्रयोग गरिन्थ्यो ।
यी रत्नहरू थिए वा "हुन्छ / हुँदैन" भनी कुनै निश्चित प्रश्नको उत्तर दिनका निम्ति एकापट्टि कालो र अर्कोपट्टि सेतो रङ्ग भएका ढुङ्गाहरू थिए भन्ने कुरा जान्न सकिएको छैन ।
वा सायद ती हिब्रू अक्षर जडिएका ढुङ्गाहरू थिए जसले पूजाहारीको निम्ति सन्देश दिन्थे ।
जेसुकै भएतापनि, परमेश्वरको इच्छा खोज्ने एउटा माध्यमको रूपमा परमेश्वरले यो अगुवाहरूलाई दिनुभएको थियो ।
पुरानो नियममा ईश्वरीय निर्देशनको एउटा श्रोतको रूपमा परमेश्वरले दिनुभएको यो एउटा साधन थियो ।
"तैँले न्यायको छातीपातीमा ऊरीम र तुम्मीम राख्नू, ताकि जहिले जहिले हारून परमप्रभुको सामुन्ने जान्छ तहिले तहिले ती त्यसको हृदयमा होऊन् । यसरी हारूनले इस्राएलीहरूका निम्ति न्याय गर्ने साधनहरू आफ्नो हृदयमा परमप्रभुको सामुन्ने निरन्तर बोकोस् ।"


दाऊद गढीमा छँदा उनले पलिश्तीहरूले नजिकैको यहूदी सहरलाई आक्रमण गर्न लागेको खबर पाए।
ऊरीम र तुम्मीमबाट सल्लाह लिएपछि उनले आज्ञा दिए......
हामी कीलाहलाई बचाउन अघि बढ्नेछौं। पलिश्तीहरूलाई मेरो हातमा सुम्पिदिनुहुनेछ भनी परमेश्वरले मलाई भन्नुभएको छ।
दाऊद र उनका सैन्यबलले यहूदी सहरलाई बचाए।
तर दाऊद नजिकै रहेको खबर शाऊलकहाँ पुग्यो....
परमेश्वरले त्यसलाई मेरो हातमा सुम्पिदिनुभएको रहेछ। त्यसले पर्खालले घेरिएको सहरमा पसेर आफैँलाई बन्दी बनाएको छ।
यो त सजिलो हुनेभयो।
शाऊलले आफ्नो सबै सैन्यबललाई परिचालन गरेर तपाईँलाई आक्रमण गर्न आउँदैछन्।
अबियाथारलाई मकहाँ ल्याओ। कीलाहका मानिसहरूले त्यसलाई मेरो हातमा सुम्पिदिन्छन् कि दिँदैनन् भनी मैले परमप्रभुसित सोध्नुपर्नेछ।
कीलाहका मानिसहरूले तेरो छुटकारालाई सम्झिनेछैनन्।
तिनीहरूले तँलाई शाऊलको हातमा सुम्पिदिनेछन्।
हामी यहाँबाट जाऔँ।



शाउलबाट लुक्न दाऊद र उनका योद्धाहरू उजाडस्थान र पहाडहरू हुँदो एक ठाउँदेखि अर्को ठाउँ घुम्न लागे ।
तर एकदिन छाउनीमा दाऊदलाई जोनाथनले अकस्मात भेटे...
यी राजाका छोरा हुन्, हामीले उसको तरवार खोसेका छौँ ।
मलाई गुप्तमा तिमीसित केही भन्नुछ ।
दाऊद, हुँदैन । तपाईँलाई फँसाउन उसको बुबाले पठाएको हुनुपर्छ ।
होइन । जोनाथनले पहिले पनि मेरो ज्यान जोगाइसकेको छ । उसले मेरो भलाइ मात्रै चिताउँछ
नडराऊ । मेरो बुबाले तिमीमाथि हात उठाउने छैनन् ।
तिम्रो वचनले मलाई परमेश्वरले झैँ उत्साह दिएको छ ।
तिम्रो वचनले मलाई परमेश्वरले झैँ उत्साह दिएको छ ।
यस्तै होस् ।


तर अर्को समूहले दाऊदको सुरक्षाको निम्ति कुनै चासो देखाएनन् ।
महाराज, यहाँका स्थानीय जिपीहरूले हजूरलाई भेट्न चाहेका छन् ।
तिनीहरूलाई पहरा दिएर मकहाँ ल्याओ ।
तिमीहरूले चाहेको कुरा के हो ?
त्यही जुन तपाईँ चाहनुहुन्छ : इस्राएलको शान्ति ।
इस्राएलमा तबसम्म शान्ति हुनछैन जबसम्म राजाको विरुद्धमा जाने सबैलाई निमिट्यान्न पारिदैन
त्यसैले त हामी हजूरकहाँ आएका छौँ ।
दाऊद हाम्रै माझमा छ, होरेशका गढीहरूमा ।
परमप्रभुले तिमीहरूलाई आशीर्वाद दिऊन् !
ऊ बसेको ठाउँ देखाउन तिमीहरू हाम्रो अघि अघि जाऊ । ऊ धूर्त छ । ऊ बसेका सबै ठाउँहरू मलाई बताऊ ।
मानिसहरू तयार गर । हामी भोलि माओनको मरुभूमितिर जानेछौँ । परमप्रभुले त्यसलाई अन्त्यमा मेरै हातमा सुम्पिदिनुभयो ।


शाऊलले समय खेर फालेनन् । ३०० सेनाहरूलाई साथमा लिएर दाऊदको खोजीमा उनी निस्किहाले ।
हामी थोरै समयका निम्ति यहाँ बस्नेछौं र म एकछिन विश्राम लिन त्यो ओडारमा जानेछु ।
यो पक्कै त्यो दिन हो जसको बारेमा परमप्रभुले भन्नुभयो, म तिम्रो शत्रुलाई तिम्रो हातमा सुम्पिदिनेछु र तिमीलाई जस्तो इच्छा लाग्छ, त्यस्तै गर्नसक्नुहुन्छ ।
मरुभूमिको कस्तो उखुम गर्मी.....
उसलाई पत्तै नदिई दाऊदले शाऊलको खास्टोको एक छेउ काटे ।
हामी एउटै प्रहारले त्यसलाई सिध्याइदिनेछौँ ।
नाइँ, मैले उसको खास्टो पनि उठाउन नहुने हो ।
तपाईँले आफ्ना शत्रुलाई त्यत्तिकै छोड्दै हुनुहुन्छ । उसले चाहिँ तपाईँलाई मार्न खोज्दैछन् ।
ऊ परमप्रभुको अभिषित्त जन हो, मैले उसमाथि आफ्नो हात उठाउन मिल्दैन ।


मेरा मालिक महाराजा !
दाऊदले हजूरलाई हानि गर्न खोज्दैछ भनी मानिसहरूले भन्दा किन हजूर तिनीहरूको कुरा सुन्नुहुन्छ ?
मेरा मानिसहरूले हजूरलाई मार्न मलाई दबाउ दिएका थिए तर मैले अभिषित्त जनको विरुद्ध आफ्नो हात उठाइनँ ।
हेर्नुहोस्, हजूर को खास्टोको टुक्रा ।
किन हजूरले मेरो पिछा गर्दै हुनुहुन्छ । म त एउटा मरेको कुकुर, केवल एउटा झिँगा त हो ।"
दाऊद, मेरो छोरा ?
तिमी म भन्दा धर्मी मानिस रहेछौ । तिमीले म प्रति असल व्यवहार देखायौ । मैले चाहिँ तिमीप्रति खराब व्यवहार देखाएको छु ।
आजको दिन तिमीले मेरो ज्यान लिन सक्नेथियौ -- आज तिमीले म माथि गरेको काममा परमप्रभुले तिमीलाई असल इनाम दिनुहोस् ।
अब मलाई यो थाहा भयो कि तिमी निश्चय नै राजा हुनेछौ ।
यसकारण परमप्रभुको नाउँमा शपथ खाएर भन कि मेरा सन्तानलाई तिमी खतम गर्नेछैनौ, र मेरो नाउँ मेरा पिताको घरानादेखि मेटिदिनेछैनौ ।
महाराज, म हजूरलाई मेरो वचन दिन्छु ।